# नेपाल विद्याभूषण तथा छात्रा विद्या पदक सम्बन्धी अत्यन्त जरुरी सूचना

## १ नेपाल विद्याभूषण सम्बन्धी अत्यन्त जरुरी सूचना

आगामी २०७४ साल भाद्र २३ गते (तदनुसार सेप्टेम्बर ८ तारिख) का दिन राष्ट्रिय शिक्षा दिवसको अवसरमा प्रदान हुने **" नेपाल विद्याभूषण "** पदकका लागि स्वदेश तथा विदेशी विश्वविद्यालयबाट तल उल्लेख भए अनुसारको योग्यता हासिल गरेका नेपाली नागरिकहरु र नेपाल भित्रको मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन पूरा गरी तोकिए अनुसारको योग्यता भएका विदेशी नागरिकहरुबाट यही २०७४ साल श्रावण मसान्तभित्र **रु. १०।–**को टिकट टाँसी आफैले निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै साविकमा वितरण हुँदै आएको महेन्द्र विद्याभूषण पदकको नाम परिवर्तन गरी नेपाल विद्याभूषण पदक कायम गरिएको हुँदा यस अघि क, ख, र ग श्रेणीको महेन्द्र विद्याभूषण पदक प्राप्त गरेका महानुभावहरुले सोही श्रेणीको नेपाल विद्याभूषण पदकका लागि भने निवेदन गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**"क" श्रेणीको नेपाल विद्याभूषण पदकका लागिः**

कुनै विश्वविद्यालय वा सो सरहका अध्ययन प्रतिष्ठानहरुबाट पीएच्.डी वा सो सरह र सो भन्दा माथिको उपाधि हासिल गरी मूल प्रमाणपत्र (Original Certificate) प्राप्त गरेको हुनुपर्ने ।

**"ख" श्रेणीको नेपाल विद्याभूषण पदकका लागिः**

कुनै विश्वविद्यालय वा अध्ययन प्रतिष्ठानमा स्नातकोत्तर तहमा नियमित विद्यार्थीको रुपमा उत्तीर्ण गरी प्रथम श्रेणीमा सर्वप्रथम हुने वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत उच्चतम ग्रेड प्वाइन्ट प्राप्त गरी सर्वप्रथम भएको र मूल प्रमाणपत्र (Original Certificate) प्राप्त गरेको हुनुपर्ने ।

**"ग" श्रेणीको नेपाल विद्याभूषण पदकका लागिः**

कुनै विश्वविद्यालय वा सो सरहका अध्ययन प्रतिष्ठानका अध्ययन संस्थान वा संकाय वा स्कूलको रुपमा कार्यक्रम संचालन गर्ने निकायबाट स्नातक तहमा नियमित विद्यार्थीको रुपमा उत्तीर्ण गरी कम्तिमा प्रथम श्रेणीमा सर्वप्रथम भएको वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत उच्चतम ग्रेड प्वाइन्ट प्राप्त गरी प्रत्येक फ्याकल्टी (अध्ययन संस्थान/संकाय/स्कूल) मा सर्वप्रथम भई मूल प्रमाणपत्र (Original Certificate) प्राप्त गरेको हुनुपर्ने । यो विद्याभूषण एउटा विश्वविद्यालयको एउटा फ्याकल्टीमा बराबर अंक वा ग्रेड प्राप्त गरेमा बाहेक एक जना भन्दा वढीलाई उपलब्ध गराईने छैन ।

**पेश गर्नुपर्ने कागजात**

१ नेपालीको हकमा नेपाली नागरिकता र विदेशी नागरिकको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि ।

२ प्राप्त उपाधिको प्रमाणित प्रतिलिपिहरु ( "क" श्रेणीको लागि विद्यावारिधि तहको मूल प्रमाणपत्र तथा उपलब्ध हुनेहरुको हकमा ट्रान्सक्रिप्ट समेत, "ख" श्रेणीको लागि प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तह तथा "ग" श्रेणीको लागि प्रमाणपत्र तह र स्नातक तह समेतको शैक्षिक उपाधिको प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ) ।

३ लब्धाङ्क /ट्रान्सकिप्टको प्रमाणित प्रतिलिपि,( "ख" र "ग" श्रेणीको लागि) ।

४ "ख" र "ग" श्रेणीको हकमा प्रथम श्रेणीमा सर्वप्रथम भएको वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत प्रथम श्रेणी सरहको ग्रेड प्वाइन्ट प्राप्त गरी सर्बोच्च स्थान प्राप्त गरेको प्रमाणित प्रतिलिपि (सो व्यहोरा सम्बन्धित विश्वविद्यालयको कुलपति, उपकुलपति, रेक्टर, डीन वा परीक्षा नियन्त्रक मध्ये लब्धाङ्क/ट्रान्सकिप्टमा दस्तखत भएको पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्नेछ ) ।

५ विदेशी विश्वविद्यालयबाट उपाधि हासिल गर्नुहुने महानुभावहरु मध्ये क श्रेणीको लागि सम्बन्धित विषयको व्यक्तिगत रुपमा स्तर निर्धारण गराई सो को छायाँ प्रति र ख र ग श्रेणीको हकमा (स्नातक र स्नातकोत्तर तहको ) त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको समकक्षता/मान्यता सम्बन्धी Directory मा सम्बन्धित शिक्षण संस्था र विषय वा कार्यक्रमको समकक्षता /मान्यता सम्बन्धी पानाको छायाँ प्रति वा सो नभएको अवस्थामा सम्बन्धित कार्यक्रम वा विषयको स्तर निर्धारण गराई सोको छायाँ प्रति पेश गर्नुपर्नेछ ।

६ अटो साइजको फोटो ३ (तीन ) प्रति ।

७ नेपाली, संस्कृत र अंग्रेजी भाषा बाहेक अन्य भाषामा लेखिएको उपाधिको प्रमाणपत्र भए नेपाली वा अंग्रेजी भाषामा आधिकारिक निकायबाट अनुवाद गराई पेश गर्नुपर्नेछ ।

८ पीएच्.डी वा सो सरह वा सो भन्दा माथिल्लो उपाधि प्राप्त गर्ने महानुभावहरुले उपाधि विषयको शोधपत्र (थेसिस) र त्यसको PDF -Electronic Copy, साराँश (Abstract ) तथा वायोडाटा एक प्रति संलग्न गर्नुपर्नेछ । साथै सोधपत्र नेपाली र अंग्रेजी भाषा बाहेक अन्य भाषामा लेखिएको भए शोधपत्रमा लेखकको नाम, विश्वविद्यालयको नाम, शीर्षक, वर्ष, पृष्ट संख्या, विश्वविद्यालय रहेको शहरको नाम खुलाई पेश गर्नुपर्नेछ ।

निवेदन फारम शिक्षा मन्त्रालय, उच्च शिक्षा शाखा वा यस मन्त्रालयको website www.moe.gov.np बाट डाउनलोड गरी लिन सकिनेछ । म्याद नाघि वा रितपूर्वक नआएको वा शर्तपूर्ण निवेदन उपर कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

## २. नेपाल छात्रा विद्यापदकका लागि आवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना

आगामी २०७४ साल भाद्र २३ गते (तदनुसार सेप्टेम्बर ८ तारिख) का दिन राष्ट्रिय शिक्षा दिवसको अवसरमा प्रदान हुने “**नेपाल छात्रा विद्यापदक**” का लागि नेपाल भित्रका विश्वविद्यालय/प्रतिष्ठान/वोर्ड /परिषद्बाट २०७३ सालको वार्षिक परीक्षामा स्नातक तह तथा प्रमाणपत्र तह वा सो सरहमा नियमित रुपमा उत्तीर्ण गरी विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड/परिषद्को प्रत्येक संकायमा छात्रा तर्फ सबैभन्दा बढी अंक प्राप्त गर्ने छात्राहरुले यही २०७४ साल श्रावण मसान्त भित्र **रु. १०।–**को टिकट टाँसी आफैले निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै अघिल्लो वर्ष कसैको नेपाल छात्रा पदक लिन छुट भएको भए त्यस्ता छात्राहरुले समेत निवेदन गर्न सक्ने छन ।

**<u>पेश गर्नुपर्ने कागजातहरु</u>**

१ नेपाल भित्रका विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड/परिषद्ले अध्ययन संस्थान वा संकाय वा स्कूलको रुपमा कार्यक्रम संचालन गर्ने निकायबाट प्रमाणपत्र तह वा कक्षा १२ (कक्षा ११ र १२) वा सो सरह तथा स्नातक तहमा नियमित विद्यार्थीको रुपमा उत्तीर्ण गरी छात्रा तर्फ प्रत्येक फ्याकल्टी (अध्ययन संस्थान/संकाय/स्कूल) मा सर्वप्रथम भएको व्यहोरा सम्बन्धित परीक्षा नियन्त्रकबाट प्रमाणित पत्र पेश गर्नुपर्नेछ । साथै एउटा विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड/परिषद्बाट एउटा फ्याकल्टीमा बराबर अंक वा ग्रेड प्राप्त गरेमा बाहेक एक जना भन्दा वढीलाई उपलब्ध गराईने छैन ।

२ नेपालीको हकमा नेपाली नागरिकता र विदेशी नागरिकको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि ।

३ ट्रान्सिक्रिप्टको छायाँ प्रति ।

४ अटो साइजको फोटो ३ (तीन ) प्रति ।

५ निवेदन फारम शिक्षा मन्त्रालय, उच्च शिक्षा शाखा वा यस मन्त्रालयको website www.moe.gov.np बाट डाउनलोड गरी लिन सकिनेछ । म्याद नाघि वा रितपूर्वक नआएको वा शर्तपूर्ण निवेदन उपर कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

सम्पर्क फोन नं. ४२००३६२

## अनुसूची-१

## श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा:

अटो साइजको फोटो

श्री शिक्षा मन्त्रालय
उच्च शिक्षा शाखा
सिंहदरवार, काठमाडौं, नेपाल ।

**विषय**:– "क" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।

त्यस मन्त्रालयबाट मिति ..................................................मा प्रकाशित सूचना अनुसार "क" श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु.१०।–को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१ **निवेदकको नाम, थर**:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

२ **ठेगाना**:–

(क) स्थायी:– ...जिल्ला..................................................न.पा/गा.पा..................................................वडा नं.......

(ख) सम्पर्क ठेगाना:– (ग) टेलिफोन नं.:–

३ **प्राप्त उपाधिको नाम**:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

४ **उपाधिको मूल विषय**:–

५ **उपाधि प्राप्त गरेको साल**:–

६ **उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण**:

(क) नाम:–

(ख) ठेगाना:–

(ग) देश:–

७ **यस अघि विद्याभूषण पदक प्राप्त गरेको भए**:

| | | | |
|---|---|---|---|
| (क) श्रेणी:– | क | ख | ग |
| (ख) साल | .................. | .................. | .................. |

८ **संलग्न कागजात पत्र थान** :–

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
पूरा नाम, थर :–
मिति :– २०७४।०४।

**क श्रेणीका लागि पेश गर्नुपर्ने कागजातहरु**

| | | |
|---|---|---|
| १ | नेपाली नागरिकको हकमा नेपाली नागरिकता र विदेशी नागरिकको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि | |
| २ | पीएच.डी को मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ३ | ३ प्रति अटो साइजको फोटो | |
| ४ | रु. १० को टिकट | |
| ५ | शोधपत्र थान एक र सोको सफ्टकपि | |
| ६ | शोधपत्रको साराँश | |
| ७ | वायोडाटा १ प्रति | |
| ८ | विदेशबाट अध्ययन गर्नेहरुको हकमा समकक्षताको पत्र | |

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरुको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिने छ ।

## अनुसूची-२
## "ख" श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा:

अटो साइजको फोटो

श्री शिक्षा मन्त्रालय
उच्च शिक्षा शाखा
सिंहदरवार, काठमाडौं, नेपाल ।

विषय:– "ख" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।

त्यस मन्त्रालयबाट मिति ..........................................मा प्रकाशित सूचना अनुसार "ख" श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु.१०।–को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१ निवेदकको नाम, थर:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

२ ठेगाना:–

(क) स्थायी:– जिल्ला..........................................न.पा/गा.पा..........................................वडा नं......

(ख) सम्पर्क ठेगाना:– (ग) टेलिफोन नं.:–

३ प्राप्त उपाधिको नाम:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

४ उपाधिको मूल विषय:–

५ उपाधि प्राप्त गरेको साल:–.............................. श्रेणी ..........

६ उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण:

(क) नाम:–

(ख) ठेगाना:–

(ग) देश:–

७ यस अघि विद्याभूषण पदक प्राप्त गरेको भए:

(क) श्रेणी:– क ☐ ख ☐ ग ☐

(ख) साल .............. .............. ..............

८ संलग्न कागजात पत्र थान:–

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
पूरा नाम,थर :–
मिति:–२०७४।०४।

**ख श्रेणीका लागि पेश गर्नुपर्ने कागजातहरु**

| | | |
|---|---|---|
| १ | नेपाली नागरिकको हकमा नेपाली नागरिकता र विदेशी नागरिकको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि | |
| २ | स्नातकोत्तर तहको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ३ | स्नातक तह र प्रमाणपत्र तहको मूल प्रमाणपत्र वा ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपिहरु | |
| ४ | ३ प्रति अटो साइजको फोटो | |
| ५ | विश्वविद्यालयमा सर्वप्रथम भएको प्रमाण | |
| ६ | रु. १० को टिकट | |
| ७ | विदेशबाट अध्ययन गर्नेहरुको हकमा समकक्षताको पत्र | |

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरुको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिने छ।

# अनुसूची-३

# "ग" श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा:

अटो साइजको फोटो

श्री शिक्षा मन्त्रालय
उच्च शिक्षा शाखा
सिंहदरबार, काठमाडौं, नेपाल ।

विषय:– "ग" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।

त्यस मन्त्रालयबाट मिति ..........................................मा प्रकाशित सूचना अनुसार "ग" श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु.१०।–को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१ निवेदकको नाम, थर:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

२ ठेगाना:–

(क) स्थायी:– जिल्ला..........................................न.पा./गा.पा.....................................................वडा नं......

(ख) सम्पर्क ठेगाना:–

(ग) टेलिफोन नं.:–

३ प्राप्त उपाधिको नाम:–

(क) नेपालीमा:–

(ख) अंग्रेजीमा:–

४ उपाधिको मूल विषय(संकाय):–

५ उपाधि प्राप्त गरेको साल:– .......... ..........श्रेणी..............

६ उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण:

(क) नाम:–

(ख) ठेगाना:–

(ग) देश:–

७ यस अघि विद्याभूषण पदक प्राप्त गरेको भए:

(क) श्रेणी:– क [ ] ख [ ] ग [ ]

(ख) साल ............ ............ ............

८ संलग्न कागजात पत्र थान:–

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
नाम:–
मिति: २०७४।०४।

**ग श्रेणीका लागि पेश गर्नुपर्ने कागजातहरु**

| | | |
|---|---|---|
| १ | नेपाली नागरिकको हकमा नेपाली नागरिकता र विदेशी नागरिकको हकमा पासपोर्टको प्रमाणित प्रतिलिपि | |
| २ | स्नातक तहको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ३ | प्रमाणपत्र तहको मूल प्रमाणपत्र वा ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि | |
| ४ | ३ प्रति अटो साइजको फोटो | |
| ५ | विश्वविद्यालय( संकाय) मा सर्वप्रथम भएको प्रमाण | |
| ६ | रु. १० को टिकट | |
| ७ | विदेशबाट अध्ययन गर्नेहरुको हकमा समकक्षताको पत्र | |

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरुको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिने छ ।

# नेपाल छात्रा विद्यापदकका लागि निवेदनको ढाँचाः

अटो साइजको फोटो

श्री शिक्षा मन्त्रालय
उच्च शिक्षा शाखा
सिंहदरवार, काठमाडौं, नेपाल ।

**विषयः–** स्नातक/ प्रमाणपत्र तहको नेपाल छात्रविद्यापदका लागि निवेदन गरेको सम्बन्धमा ।

त्यस मन्त्रालयबाट मिति २०७४।०४।०१ मा प्रकाशित सूचना अनुसार म ............................................. विश्वविलय/ प्रतिष्ठान/बोर्ड परिषद्....................को संकाय/अध्ययन संस्थान/स्कूल अन्तर्गत २०७..... सालको वार्षिक परीक्षामा छात्रा तर्फ सबै भन्दा बढी अंक/ग्रेड प्राप्त गरी प्रथम भएको हुँदा नेपाल छात्रा विद्यापदकका लागि निवेदन पेश गरेको छु ।

**१ निवेदकको नाम, थरः–**

(क) नेपालीमाः–

(ख) अंग्रेजीमाः–

**२ ठेगानाः–**

(क) स्थायीः– ...जिल्ला..................................न.पा/गा.पा...............................................वडा नं......

(ख) सम्पर्क ठेगानाः– (ग) टेलिफोन नं.:–

**३ अध्ययन गरेको शिक्षण संस्थाः**

(क) विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड/परिषद्को नाम–

(ख) अध्ययन गरेको संकाय/अध्ययन संस्थान/स्कूलको नामः-

(ग) कलेज/क्याम्पस/शिक्षालय/विद्यालयको नाम :–

(घ) कलेज/क्याम्पस/शिक्षालय/विद्यालयको सम्पर्क फोन न.. :–

**४ हाल अध्ययनरत रहेको शिक्षण संस्था :**

(क) विश्वविद्यालय/ प्रतिष्ठानको नामः–

(ख) अध्ययन संस्थानको नामः-

(ग) कलेज/क्याम्पसको नाम र ठेगाना :-

(घ) अध्ययनरत कार्यक्रमः (ङ) तहः-

(चं) कलेज /क्याम्पसको फोन न..-

**५ संलग्न कागजात पत्र थान :–**

१ नेपाली नागरिकताको छायाँ प्रति ( ) २ ट्रान्सिक्रिप्टको छायाँ प्रति ( ) (३) फोटो ३ प्रति ( )
४ परीक्षा नियन्त्रकको सिफारिस ( ) ४ हाल अध्ययनरत कलेज/क्याम्पसको परिचय पत्र ( )

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नामः
दस्तखतः
मितिः
सम्पर्क फोन नं......................मो.नं.........................

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरुको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिने छ ।